प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय,

ओखलढुङ्गा, कोशी प्रदेश

प.सं. :- २०८१/८२

च.नं. :- १६२

मितिः- २०८१/०७/२८

**बिषयः- सूचना टाँस सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगा।

श्री नगरपालिका/गाउँपालिका सबै, ओखलढुङ्गा।

श्री ओखलढुंगा उद्योग वाणिज्य संघ, ओखलढुंगा।

श्री प्रदेश लेखा इकाई कार्यालय, ओखलढुङ्गा।

श्री जिल्ला घरेलु तथा साना उद्योग महासंघ, ओखलढुंगा।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत लघु उद्यम, घरेलु तथा साना उद्योगीको लागि प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/निवेदन आव्हान सम्बन्धी सूचना पाना २ (दुई) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै उक्त सूचना टाँस गरी जानकारी पठाइ दिनुहुन समेत अनुरोध छ।

..................

मोहनराज भट्टराई

उद्योग अधिकृत

**उद्योग अधिकृत**

फोन नं. ०३७-५२०१०६

email: csidbokhaldhunga@gmail.com

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुंगा,
कोशी प्रदेश, ओखलढुंगा

## प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/निवेदन आव्हान सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/२८**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई ओखलढुंगा जिल्ला भित्र सञ्चालन रहेको लघु, घरेलु तथा साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/सञ्चालन/क्षमता वृद्धिको लागि आवश्यक पर्ने प्रविधि तपशिल बमोजिमको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता रहने गरी प्रविधि सहयोग कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्योगीहरुले निवेदन दस्तुर रु. १०० (अक्षेरुपी एक सय मात्र) सहित प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८० को अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपशिल बमोजिमका कागजात र विवरण सहित प्रस्ताव/निवेदन दिनहुन सम्बन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**<u>प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरु:</u>**

| क्र. सं. | कार्यक्रमको नाम | सहभागी हुन पाउने समुदाय वा लक्षित समुह वा वर्ग (स्वीकृत वार्षिक कार्यक्रम अनुसार) | कैफियत |
|---|---|---|---|
| १. | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चापदार्थमा आधारित उद्योग | |
| २. | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | सबै प्रकारका उद्योग | |
| ३. | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत ज्ञान, सीप र प्रविधिमा आधारित उद्योग | |
| ४. | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समुदायद्वारा संचालित उद्योग | |
| ५. | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न, सिमान्तकृत समुदायद्वारा संचालित उद्योग भनी सम्बन्धित पालिकाद्वारा सिफारिस भएको उद्योग | |
| ६. | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिद्वारा संचालित उद्योग | |

प्रविधि माग गर्दा जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही कार्यक्रमको लागि प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ।

उद्योग अधिकृत

फोन नं. ०३७-५२०१०६
email: csidbokhaldhunga@gmail.com

संलग्न गर्नु पर्ने कागजातहरु:

१. उद्योग दर्ता, नवीकरण सहितको अध्यावधिक भएको प्रमाण-पत्रको प्रतिलिपी,

२. स्थायी लेखा नम्बर (PAN/VAT) र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी,

३. उद्योगीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,

४. उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी तालिम लिएको भएमा तालिमको प्रमाण-पत्रको प्रतिलिपी,

५. सम्बन्धित वडाका सिफारिस पत्र,

६. लक्षित वर्ग, समुदाय, समुह प्रमाणित हुने कागजात वा प्रमाण-पत्रको प्रतिलिपी,

७. विगत ३ (तीन) आ.व. मा कुनै पनि सरकारी निकायबाट अनुदानमा प्रविधि प्राप्त नगरेको स्वःघोषणा पत्र,

८. अनुमति लिनु पर्ने उद्योगहरुले लिएको सम्बन्धित निकायको अनुमति पत्रको प्रतिलिपी,

९. उद्योगको लागि माग गरेको प्रविधिको नाम, स्पेसिफिकेशन र मूल्य खुलेको कोटेशन ।

नोटः

१. निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो सार्वजनिक विदा पछि कार्यालय खुलेको पहिलो दिन अन्तिम दिन मानिने।

२. सम्पर्क फोन नं. ०३७-५२०१०६ वा कार्यालयको फेसबुक घरेलु कार्यालय, ओखलढुंगामा हेर्न सकिन्छ।

उद्योग अधिकृत

अनुसूची -२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

मितिः- २०८१/...........

श्रीमान् प्रमुख उद्योग अधिकृत ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय,
ओखलढुंगा।

**विषयः प्रविधि उपलब्ध गराई पाउँ ।**

महोदय,

त्यस कार्यालयको मिति २०८१/०७/२८ गतेको प्रविधि सहयोग सम्बन्धी सूचना अनुसार मेरो/हाम्रो नाममा घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुंगामा दर्ता भएको दर्ता नं. ........................... दर्ता मिति ...................... को ............................................................. उद्योग स्थापना/सञ्चालन/क्षमता वृद्धि गर्न तँहा कार्यालयले जारी गरेको मिति २०८१/०७/२८ को सूचनाको सि.नं. ......... को कार्यक्रमबाट र मेरो/हाम्रो समेत लागत सहभागीमा मेसिन/औजार/उपकरण खरिदका लागी निवेदन दस्तुर वापत रु. १०० (अक्षेरुपी एक सय मात्र) राजश्व दाखिला गरेको बैंक भौचर/नगदी रसिद सहित संलग्न विवरण भरी यो निवेदन पेश गरेको छु/छौं। उपयुक्त प्रविधि सहयोग गरी पाउँ ।

**<u>निवेदकको विवरण</u>**

१. उद्योगीको नाम, थर र ठेगाना :-

२. उद्योगको नाम, ठेगानाः-

३. उद्योगको उद्धेश्यः-

४. उद्योग दर्ता नं. र दर्ता मितिः-

५. उद्योगमा लगानी भएको पूँजीः-

६. (क) स्थिर पूँजीः (ख) चालु पूँजीः (ग) जम्मा पूँजीः

७. उद्योगबाट उत्पादन वस्तुको विवरण (बार्षिक)

८. उत्पादन निर्यात गर्ने/ नगर्नेः-

९. उद्योगमा प्रयोग हुने कच्चापदार्थ र श्रोतः-

१०. विगत ३ वर्षमा सरकारी निकायबाट अनुदान प्राप्त गरे/नगरेकोः गरेको भए अनुदान दिने निकाय, रकम र मितिः

११. माग गरेको मेसिन/ औजार/ उपकरणको नाम र अनुमानित लागतः

| क्र.सं. | मेसिन/औजार/उपकरणको नाम | स्पेशिफिकेशन | अनुमानित लागत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

| | | | |
|---|---|---|---|
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

१२.प्रविधिको प्रयोगले उत्पादनमा आउने परिवर्तन

निवेदकः

उद्योगको नामः-

ठेगानाः-

उद्योगीको नामः

दस्ताखतः

उद्योगको छाप

मितिः

सम्पर्क नं.:-

**अनिवार्य रुपमा संलग्न गर्न पर्ने कागजातहरुः**

- उद्योग दर्ता, नवीकरण सहितको अध्यावधिक भएको प्रमाण-पत्रको प्रतिलिपी,
- स्थायी लेखा नम्बर (PAN/VAT) र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी,
- उद्योगीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,
- उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी तालिम लिएको भएमा तालिमको प्रमाण-पत्रको प्रतिलिपी,
- सम्बन्धित वडाका सिफारिस पत्र,
- लक्षित वर्ग, समुदाय, समुह प्रमाणित हुने कागजात वा प्रमाण-पत्रको प्रतिलिपी,
- विगत ३ (तीन) आ.व. मा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्वःघोषणा पत्र,
- अनुमति लिनु पर्ने उद्योगहरुले लिएको सम्बन्धित निकायको अनुमति पत्रको प्रतिलिपी,
- उद्योगको लागि माग गरेको प्रविधिको नाम, स्पेसिफिकेशन र मूल्य खुलेको कोटेशन।

**नोटः निवेदन पेश गर्दा अगाडी पट्टी आफ्नो उद्योगले कुन कार्यक्रमबाट प्रविधि लिने हो सो को विवरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ।**

(यो विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ)

| क्र. सं. | विवरण | कुनै एकमा ☑ लगाउने |
|---|---|---|
| १ | **उद्योग सञ्चालनको अवधि (उद्योग दर्ता मितिलाई आधार मानिने )** | |
| | ५ वर्ष भन्दा बढी | |
| | ५ बर्ष भन्दा कम २ बर्षभन्दा बढी | |
| | २ बर्ष भन्दा कम | |
| २ | **उद्योगको प्रकार** | |
| | कृषिमा आधारित प्रशोधन तथा प्याकेजिङ्ग उद्योग, आयत प्रतिस्थापन गर्ने उद्योग, सहकारी वा समुदायद्धारा सञ्चालित उद्योग | |
| | अन्य उद्योग | |
| ३ | **उत्पादनको अवस्था** | |
| | धरै प्रकारको साम्रागी उत्पादन | |
| | एक प्रकारको मात्र सामाग्री उत्पादन | |
| ४ | **प्रत्यक्ष रोजगारी सिर्जनाको अवस्था** | |
| | ४ जना वा ४ जना भन्दा बढी भए | |
| | ३ जना भन्दा कम भए | |
| ५ | **कच्चा पदार्थको उपयोग** | |
| | ७० प्रतिशत भन्दा धरै स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने उद्योग (मुल्यलाई आधार मानेर गर्ने) | |
| | माथि उल्लेख भए देखि बाहेकको कच्चा पदार्थ प्रयोग गर्ने उद्योग | |
| ६ | **भौगोलिक क्षेत्र** | |
| | गाउँपालिकामा सञ्चालित उद्योग | |
| | नगरपालिकामा सञ्चालित उद्योग | |
| ७ | **उद्योग दर्ता** | |
| | महिलाको नाममा दर्ता | |
| | महिला पुरुषको नाममा संयुक्त दर्ता रहेको | |
| | पुरुषको नाममा दर्ता | |
| ८ | **प्रविधिको प्रयोग** | |
| | परम्परागत प्रविधिको प्रयोग | |
| ९ | **अनुदान प्रासिको अवस्था (स्वः घोषणा गर्नु पर्ने)** | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको उद्यमी | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त गरेको उद्यमी | |
| १० | **सीपमुलक तालिम (तालिम प्रमाण-पत्रको प्रतिलिपी)** | |
| | उद्योगको उदेश्यसँग तादाम्यता हुने गरी तालिम लिएको उद्योगीद्धारा सञ्चालित उद्योग | |
| | तालिम नलिएका उद्यमीद्धारा सञ्चालित उद्योग | |
| ११ | **उद्योग दर्ता गर्ने उद्यमीको प्रकार** | |
| | अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टिले पछाडी परेका सिमान्तकृत समुदाय, एकल महिला, दलित, मधेशी वा आदिवासी जनजातिद्धारा सञ्चालन भएका उद्योग | |
| | माथि उल्लेख गरे देखि बाहेक अन्यले सञ्चालन गरेको | |

मितिः २०८१/

## स्वघोषण पत्र

मैले/हामीले श्री ..........................................................................................................................................
फर्मको नाममा विगत ३ (तीन) आ.व. मा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको साथै यस निवेदनमा भरेको सम्पूर्ण विवरण साँचो हो भनी स्वघोषणा गर्दछु/गर्दछौं । झुटा ठहरिएमा ठहरिएको हदसम्म कानून बमोजिम सहुँला बुझाउँला भनी राजी खुसीले सनाखत गरी दिएको छु/छौं ।

**स्वघोषणा गर्नेको**

१. नाम थरः

ठेगानाः

सम्पर्क नम्बरः

दस्तखतः

मितिः

**रेखात्मक हस्ताक्षरः**

| दायाँ | बायाँ |
|---|---|
| | |